# भक्तपुर नगरपालिकाको सोह्रौं नगर सभा

## २०८१ असार ७ गते, शुक्रबार (पहिलो दिन)

१) भक्तपुर नगरपालिकाको सोह्रौं नगर सभाको उद्घाटन समारोह नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव एवम् प्रतिनिधि सभाका माननीय सांसद श्री प्रेम सुवालज्यूको प्रमुख आतिथ्यमा सम्पन्न भयो ।

२. सोह्रौं नगर सभाको औपचारिक उद्घाटन समारोह पश्चात् सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिले नगर सभाको बैठकको आरम्भ गरी उद्घाटन समारोहमा नगरपालिकाको निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव एवम् प्रतिनिधि सभाका माननीय सांसद श्री प्रेम सुवाल, जिल्ला प्रशासन कार्यालय, भक्तपुरका प्रतिनिधि प्रशासकीय अधिकृत श्री अशोककुमार पोखरेल, भक्तपुर उद्योग वाणिज्य संघका अध्यक्ष श्री रोशनी मैया धौबन्जा, ख्वप कलेज अफ इन्जिनियरिङ्गका प्राचार्य श्री सुनिल दुवाल, ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. मजेश प्रताप मल्लज्यूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्ने प्रस्ताव सभा समक्ष पेश गर्नुभयो र उक्त प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो ।

३. सभाको अर्को बैठक २०८१ असार ९ गते, आइतबार दिनको १.:०० बजे बस्ने जानकारी गराउनु  भयो ।

# भक्तपुर नगरपालिकाको सोह्रौं नगरसभा

मिति २०८१ असार ९ गते आइतबार (दोश्रो दिन)

१. सभाध्यक्ष एवम् नगर प्रमुख **श्री सुनिल प्रजापतिले** बैठक आरम्भ गर्नुहुँदै भक्तपुर नगरपालिकाको आ.व. २०८१।८२ को नीति तथा कार्यक्रममाथिको छलफल शुरु भएको जानकारी गराउँदै छलफलमा भाग लिन चाहनु हुने सभासद्हरुलाई नाम टिपाउन र नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।

२. नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिनु हुँदै सभासद् **श्री मन्जु माया लाखा**ले भक्तपुर नगरपालिकाको आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रममा जनज्योति पुस्तकालयलाई नगरको केन्द्रीय पुस्तकालय, अध्ययन, अनुसन्धान केन्द्रको रुपमा विकास गर्नुपर्ने, खेलाडी छात्रवृत्ति व्यवस्था गर्नुपर्ने र सांस्कृतिक संग्रहालय निर्माण गर्नुपर्ने सुझाव दिनु भयो ।

३. सभासद् **श्री इन्द्र बहादुर प्याथ**ले छलफलमा भाग लिनु हुँदै विद्यार्थी कम भएको विद्यालयलाई शिशुशालाको रुपमा अगाडि बढाउनु पर्ने, ख्वप अस्पताल विस्तार गर्न सम्बन्धित ठाउँमा आवश्यक जग्गा बन्दोबस्त गर्नुपर्ने, मठहरुको अभिलेख बनाई पुनः निर्माण कार्य अगाडि बढाउनु पर्ने, नगरका पोखरीहरुमा स्थानीय सहभागितामा मत्स्य पालन गर्नुपर्ने, ब्रम्हायणी बस पार्क दक्षिण पूर्वी खोला बगर व्यवस्थित गर्नुपर्ने, देको, मिवा इतापाके जग्गा एकीकरण आयोजनाका निस्सा नपुगेका मोहीहरुलाई वडा कार्यालयबाट सर्जमिन गरी मोहीयानी हक अनुसार जग्गा व्यवस्था गर्नुपर्ने सुझाव दिनुभयो ।

४. छलफलमा भाग लिंदै सभासद् **श्री तारादेवी शाक्य**ले नगरकोटको मुहान पोखरीलाई जलाधार क्षेत्र घोषणा गराउन पहल गर्नुपर्ने, घर नक्सा पास गर्दा आकाशे पानी संकलन ट्यांकी अनिवार्य गर्नुपर्ने, नगरका सबै वडाहरुमा शिशु स्याहार केन्द्र विस्तार गर्नुपर्ने र विद्यालयहरुमा शिशु स्याहारको

व्यवस्था मिलाउनु पर्ने, वडा नं. १० को बहुउद्देश्यीय भवन निर्माण सम्बन्धी नीति तथा कार्यक्रममा उल्लेख गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

५. सभासद् **श्री हरिरत्न गोर्खाली**ले सहकारी संस्थाहरुबाट निम्न आय भएका सदस्यहरुको सेवाको व्यवस्था मिलाउनु पर्ने, सहकारी संस्थाका सञ्चालक बन्न अभिभावक र परिवारको मन्जुरी तथा सञ्चालक र परिवारको सम्पत्ति विवरण पेश गर्नुपर्ने व्यवस्था गर्नुपर्ने, नगर क्षेत्रमा पुरातत्वव विभाग लगायत अन्य कार्यालयले सम्पदा संरक्षण कार्य गर्दा स्थानीय सामाग्री र जनशक्ति प्रयोग गर्न जोड दिनु पर्ने, नगर क्षेत्रभित्र समानुपातिक खानेपानी वितरणको व्यवस्था मिलाउनु पर्ने सुझाव दिनुभयो ।

६. छलफलमा भाग लिनु हुँदै सभासद् **श्री श्याम सुन्दर मातां**ले नगर खेलकुद समितिबारे प्रष्ट पार्नु पर्ने, पौडी प्रशिक्षण पोखरीको पूर्वाधार र सुरक्षा मापदण्ड तयार गर्नुपर्ने, शिशु स्याहार केन्द्र विस्तार गर्नुपर्ने, शहीद स्मृति खेल मैदान निर्माणको लागि विशेष पहल गर्नुपर्ने, नगरकोट सडक खण्डको सल्लाघारीदेखि कलमविनायकसम्मको जाम शिघ्र व्यवस्थापन गर्नुपर्ने, सडक बत्ती महसुल सम्बन्धी विवाद समाधान गर्नुपर्ने, नगरका ऐतिहासिक र मौलिक नाम संरक्षणको व्यवस्था मिलाउनु पर्ने र इताछेंस्थित टौमीसिला चोकमा चल्दै आएको पायो जात्रालाई पुनः संचालन व्यवस्था मिलाउनु पर्ने विचार व्यक्त गर्नुभयो ।

७. सभासद् **श्री सिद्धिराम अवाल**ले छलफलमा बोल्नु हुँदै नगरका माध्यमिक विद्यालयमा गणित र विज्ञानको प्रयोगशाला व्यवस्था गर्नुपर्ने, आधारभूत विद्यालयका स्वयंसेवक र करार शिक्षकहरुको व्यवस्थापन गर्नुपर्ने, सडक र सार्वजनिक बत्ती महसुल विवाद समाधान गर्नुपर्ने, मेलम्चीको पानी नगरका सबै क्षेत्रहरुमा वितरणको व्यवस्था मिलाउनु पर्ने, नगरका हाल बन्द भएका पुस्तकालयहरु

पुनः संचालनको व्यवस्था मिलाउनु पर्ने, सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयहरुलाई पनि सामुदायिक

विद्यालयकै नीति अनुसार व्यवहार गर्नुपर्ने र लागू पदार्थ दुर्व्यसनी नियन्त्रणको लागि आवश्यक पहल गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

८. छलफलमा बोल्नुहुँदै सभासद **श्री नारायण प्रसाद त्वानाबासु**ले सामुदायिक विद्यालयको लागि शैक्षिक सुधार कार्यको लागि सहयोग नीति लिनुपर्ने, ५ नं. वडा कार्यालय भवन निर्माण गर्नुपर्ने, जगनाथ क्षेत्रको उत्खनन र अध्ययन अनुसन्धान हुनुपर्ने, सुकुलढोकाको भत्केका निजी घर पुनःनिर्माण गरिदिनु पर्ने, नगरका कृषकहरुका जग्गाहरु अन्य नगरमा भए पनि कृषि ऋणको व्यवस्था मिलाउनु पर्ने र स्थानीय विउको संरक्षण गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

९. सभासद् **श्री पुरुषोत्तम तमखु**ले परम्परागत निर्माण सामाग्री ईटा, माटो प्रयोग गरेर घर बनाउने घर धनीहरुको लागि आवश्यक कानून बनाई Structure Analysis को व्यवस्था गर्नुपर्ने र नक्सा पास प्रक्रिया र विधि छोट्याउनु पर्ने सुझाव दिनुभयो ।

१०. छलफलमा भाग लिन हुँदै सभासद् **श्री कृष्ण गोपाल चौगुठी**ले भक्तपुर बाराही क्षेत्रको सम्पदाहरु संरक्षणको व्यवस्था गर्नुपर्ने र भनपा वडा नं. ३ मा वडावासीले दिएका सुझावहरु कार्यान्वयन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

११. सभासद् **श्री कृष्णनारायण दुमरु**ले नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिनु हुँदै नगरमा विद्युतको तार भूमिगत गर्ने कार्य शीघ्र सम्पन्न गर्न पहल गर्नुपर्ने, सडक बत्ती व्यवस्थित गर्नुपर्ने र नगरकोट सडकको दायांबायां कमलविनायक प्लानिङ्गको बाटोको पेटीमा ब्लक छपाई र वृक्षारोपण गर्नुपर्ने बिचार व्यक्त गर्नु भयो ।

१२. सभासद् **श्री सूर्य प्रसाद श्रेष्ठ**ले ऐतिहासिक सिद्ध पोखरी जीर्णोद्धार गर्नुपर्ने, भाजु पोखरीको दक्षिणपट्टिको डिल खोल्नुपर्ने, पर्याप्त रासायनिक मल व्यवस्था गर्नुपर्ने, पर्यटकीय गतिविधि नगरका सबै क्षेत्रमा विस्तार गर्नुपर्ने, हाकुफो हिटीदेखि सल्लाघारीसम्म ढल निकासको पाइप विछ्याउनु पर्ने, नगरको दक्षिणी भू-भागमा व्यवस्था गरेको ढल निकास आवश्यक भए नभएको छलफल गरी घर नक्सा पास व्यवस्था गर्नुपर्ने, घर जग्गा मूल्यांकन कर व्यवस्थित गर्नुपर्ने, कवाडी व्यवसाय

र मोटर गाडी मर्मत गर्ने व्यवसाय सञ्चालन व्यवस्थित गर्नुपर्ने र यस्तो व्यवसाय सञ्चालन गर्न चार किल्लाको सहमति अनिवार्य गर्नुपर्ने, पी.आई.डी.ले विछ्याएको पाइप खोलाभन्दा पर सार्नुपर्ने, खोलाको मापदण्ड पुनरावलोकन गराउन पहल गर्नुपर्ने, सांघुरा गल्लीमा फायर हाइट ब्रेन व्यवस्था मिलाउनु पर्ने सुझाव दिनु भयो ।

१३. सभासद् **श्री हेरा ख्याजु**ले गृहणी महिलाहरुलाई निरन्तर शिक्षा व्यवस्था मिलाउनु पर्ने, आयुर्वेदिक स्वास्थ्य केन्द्र नगरका सबै वडाहरुमा विस्तार गर्नुपर्ने, सार्वजनिक पाटीसहितको निजी घर पुनः निर्माणको लागि आवश्यक व्यवस्था मिलाउनु पर्ने, निर्माण सम्पन्न गरी अनुदान समेत लिएपछि संशोधन गरी मापदण्ड विपरीत निर्माण गर्ने घरधनीहरुलाई अनुदान असुल उपर गरी कार्वाही गर्नुपर्ने, शहीद स्मृति खेल मैदान र महेश्वरी खेल मैदान निर्माणको लागि आवश्यक बजेट व्यवस्था गर्नुपर्ने, हनुमानघाटस्थित पाँचाख्योलाई व्यवस्थित गर्न गुरुयोजना बनाई कार्यान्वयन गर्नुपर्ने, उपचार पोखरी सञ्चालनमा ल्याई खोला सुधार गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

१४. सभासद् **श्री गोविन्द दुवाल**ले मौलिक र आधुनिक विउ विजनको संरक्षणको व्यवस्था मिलाउनु पर्ने, मेलम्चीको खानेपानी समानुपातिक वितरणका साथै मेलम्चीबासीको माग सम्बोधन गराउन पहल गर्नुपर्ने, जग्गाको क्षेत्रफलभन्दा बढी क्षेत्रफल ओगटेर नक्सा लेख्ने र पास गर्ने नियन्त्रण गर्नुपर्ने र यसमा दोषी कर्मचारी र प्राविधिकलाई कार्वाही गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

१५. सभाध्यक्ष प्रजापतिले भक्तपुर नगरपालिकाको आ.व. ०८१।८२ को नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिनु हुँदै १३ जना सभासद्हरुले उठाउनु भएका जिज्ञासाहरुको विषयमा प्रष्ट पार्नु

हुँदै नीति तथा कार्यक्रम पारित गर्न सभा समक्ष प्रस्ताव गर्नुभयो र **भक्तपुर नगरपालिकाको आ.व.०८१।८२ को नीति तथा कार्यक्रम** सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो ।

१६. सभाध्यक्ष प्रजापतिले सभाको अर्को बैठक मिति २०८१।०३।१० गते दिनको १:०० बजे बस्ने जानकारी गराउनु भयो ।

## भक्तपुर नगरपालिकाको सोह्रौं नगर सभा

मिति २०८१ असार १० गते सोमबार (तेश्रो दिन)

१. सभाध्यक्ष एवम् नगर प्रमुख श्री सुनिल प्रजापतिले बैठक आरम्भ गर्नुहुँदै बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक एवम् उपप्रमुख श्री रजनी जोशीलाई भक्तपुर नगरपालिकाको आ.व.०८१।८२ को वार्षिक बजेट तथा कार्यक्रम सभामा पेश गर्न समय प्रदान गर्नु भयो र संयोजक जोशीले सभामा आ.व.२०८१।८२ को अनुमानित **रु.२ अर्ब ६६ करोड ४३ लाख १० हजार** आय व्यय विवरण सहितको बजेट तथा कार्यक्रम सभा समक्ष प्रस्तुत गर्नुभयो ।

२. सभाध्यक्ष श्री प्रजापतिले सभाको बैठक आधा घण्टाको लागि स्थगित गर्नुभयो ।

३. बैठक पुनः आरम्भ गर्नु हुंदै सभा अध्यक्ष प्रजापतिले उपप्रमुख श्री रजनी जोशीलाई भक्तपुर नगरपालिकाको आ.व.२०८१।०८२ को आर्थिक विधेयक सभा समक्ष प्रस्तुत गर्न समय प्रदान गर्नु भयो ।

४. सभाध्यक्ष श्री प्रजापतिबाट समय प्राप्त गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री रजनी जोशीले भक्तपुर नगरपालिकाको आ.व.२०८१।०८२ को आर्थिक विधेयक सभा समक्ष प्रस्तुत गर्नुभयो ।

५. उक्त विधेयक सभा समक्ष छलफलको लागि स्वीकृति प्रदान गर्न प्रस्ताव गरिएकोमा सभाले सर्वसम्मतिले स्वीकृत गऱ्यो ।

६. सभाध्यक्ष श्री प्रजापतिबाट समय प्राप्त गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री रजनी जोशीले भक्तपुर नगरपालिकाको आ.व. २०८१।८२ को विनियोजन विधेयक सभा समक्ष प्रस्तुत गर्नुभयो ।

७. उक्त विनियोजन विधेयक सभा समक्ष छलफलको लागि स्वीकृति प्रदान गर्न प्रस्ताव गरिएकोमा सभाले सर्वसम्मतिले स्वीकृत गऱ्यो ।

८. सभाध्यक्ष श्री प्रजापतिले नगरसभाको अर्को बैठक मिति २०८१।०३।१२ गते बुधबार दिनको १:०० बजे बस्ने जानकारी गराउनु भयो ।

**भक्तपुर नगरपालिकाको सोह्रौं नगर सभा (चौथो दिन)**

**२०८१ असार १२ गते, बुधबार**

१. सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिले सोह्रौं नगर सभाको चौथो दिनको बैठक शुरु गर्नु हुँदै विशेष समयको व्यवस्था भएको जानकारी गराउनु भयो र विशेष समयको छलफलमा भाग लिन चाहने सभासदहरुले नाम टिपाउन र नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।

२. विशेष समयको छलफलमा भाग लिनु हुंदै **सभासद श्री कल्पना सिल्पकार**ले वर्षाजन्य विपत्त व्यवस्थापनको लागि तयारी गर्नुपर्ने, छिमेकी राष्ट्र भारतले विभिन्न ठाउँमा बाँध बनाई नेपालको जमिन डुबानमा पारेकोबारे विरोध गर्नुपर्ने र भारतले गरेको सीमा अतिक्रमणको बारे विरोध गर्नुपर्ने विचार व्यक्त गर्नु भयो ।

३. **सभासद श्री मञ्जु मैया लाखा**ले छलफलमा भाग लिनु हुंदै भ.न.पा. २ स्थित शहीद स्मृति उद्यान शनिवार पनि खोल्ने व्यवस्था गर्नुपर्ने, पर्यटकीय क्षेत्रहरुको गुगल म्याप (Google Map) तयार गर्नु पर्ने, सडक र सम्पदा क्षेत्रमा पर्याप्त बत्तीको व्यवस्था गर्नुपर्ने, कर्मचारीहरुको क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्नुपर्ने, पर्यटक शौचालय थप गर्नुपर्ने, पर्यटकीय क्षेत्रमा संकेत बोर्डको व्यवस्था गर्नुपर्ने, पर्यटन सूचना पाटीको व्यवस्था गर्नुपर्ने र Family Stay / Home Stay सञ्चालन सम्बन्धी कार्यशाला गोष्ठी सञ्चालन गर्नुपर्ने, नगरपालिकाबाट तालिम प्राप्त सीपयुक्त जनशक्तिको लगत राख्नु पर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जेष्ठ नागरिकहरुलाई राष्ट्रिय परिचय पत्र नम्बर उपलब्ध गराउन वडा कार्यालयहरुबाट

नै व्यवस्था मिलाउनु पर्ने, खरिपाटीको मुहान पोखरी र वरपरको क्षेत्रमा विशेष सफाई गर्नुपर्ने, नगरपालिकाको वेभ साइट अध्यावधिक हुनुपर्ने र देको, मिवा, इतापाके जग्गा एकीकरण आयोजना शिघ्र सम्पन्न गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

४. विशेष समयको छलफलमा भाग लिनु हुंदै **सभासद श्री विष्णु केशरी दुवाल**ले मेलम्ची बाहेक बैकल्पिक खानेपानीको व्यवस्था गर्नुपर्ने, समानुपातिक रुपमा खानेपानीको वितरण व्यवस्था मिलाउनु पर्ने, महिला लक्षित निरन्तर शिक्षा सञ्चालन गर्नुपर्ने, शिक्षक तालिम सञ्चालन गर्नुपर्ने, प्रत्येक वडामा डाक्टरसहित स्वास्थ्य केन्द्र सञ्चालन गर्नुपर्ने, स्वास्थ्य स्वयंसेविका र जनप्रतिनिधिहरुलाई पनि स्वास्थ्य सम्बन्धी तालिमहरु दिनु पर्ने, तार र केबुलहरु व्यवस्थित गर्नुपर्ने, बजार व्यवस्थापन गर्नुपर्ने र नगरका सबै स्थानहरुमा सी.सी. क्यामराको व्यवस्था गर्नुपर्ने, नगरका विभिन्न स्थानहरुमा आदर निकेतनको व्यवस्था गर्नुपर्ने तथा फोहर व्यवस्थापनलाई अझ प्रभावकारी मनाउनु पर्ने विचार व्यक्त गर्नुभयो ।

५. **सभासद श्री इन्द्र बहादुर प्याथ**ले छलफलमा भाग लिनु हुंदै पूँजीवादी व्यवस्थाको नकारात्मक प्रभावबारे जनतालाई सचेत पार्दै वैज्ञानिक समाजवादबारे सचेतना फैलाउनु पर्ने विचार व्यक्त गर्नु भयो ।

६. **सभासद श्री राम सुन्दर बासी**ले छलफलमा भाग लिनु हुंदै लिवाली क्षेत्रको सडक व्यवस्थित गर्नुपर्ने, विकास निर्माणका कार्य अगाडि बढाउंदा विपदलाई समेत ध्यानमा राखी गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

७. छलफलमा भाग लिनु हुंदै **सभासद श्री कृष्णलाल किसी**ले मेलम्ची खानेपानीको पाइप नगरका सबै क्षेत्रमा विस्तार गर्न पहल गर्नुपर्ने, विद्युतको तार भूमिगत गर्ने कार्य शीघ्र सम्पन्न गराउन पहल गर्नुपर्ने, नगरका विभिन्न स्थानमा आवश्यकता अनुसार घर लाईन बनाउनु पर्ने, कृषि बजारमा विचौलीया निरुत्साहित गर्नुपर्ने, पुरानो जगातिदेखि थुसाचासम्मको बाटो स्तरोन्नति गर्नुपर्ने, हनुमन्ते र खासाङ्खुसुङ्ग खोला

सुधारको लागि छिमेकी न.पा.हरुसंग सहकार्य गर्नुपर्ने र नगरका विभिन्न ठाउँमा स-साना उपचार पोखरी व्यवस्था गरी फोहर ढल व्यवस्थापन गर्नुपर्ने तथा पुरानो जगाति क्षेत्रका सम्पदाहरु संरक्षण गर्नुपर्ने विचार गर्नु भयो ।

८. छलफलमा भाग लिनु हुंदै **सभासद श्री सिद्धिराम अवाल**ले देको, मिवा, इतापाके जग्गा एकीकरण आयोजना समयमै सम्पन्न गर्न पर्याप्त मात्रामा बजेट विनियोजन गर्नुपर्ने, जनप्रतिनिधि र योजनाका कर्मचारीहरुबीच राम्रो समन्वय हुनुपर्ने सुझाव दिनुभयो ।

९. छलफलमा भाग लिनु हुंदै **सभासद श्री जितेन्द्र मुनंकर्मी**ले नगरका सबै क्षेत्रमा समानुपातिक रुपमा पानी वितरण गर्नुपर्ने, नगरकोटको मुहान पोखरी क्षेत्रलाई जलाधार क्षेत्र घोषणा गर्न र गराउन चाँगुनारायण नगरपालिकासँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउनु पर्ने, नगरका विभिन्न स्थानमा भइरहेका अव्यवस्थित पार्किङ्ग व्यवस्थित गर्नुपर्ने, सडक बत्ती व्यवस्थित गर्नुपर्ने, जेट मेशिन व्यवस्थित रुपले सञ्चालन गर्नुपर्ने, भ.न.पा. १० को बहुउद्देश्यीय भवन निर्मण गर्नुपर्ने सुझाव दिनु भयो ।

१०. छलफलमा भाग लिनु हुंदै **सभासद श्री राजकुमार सिल्पकार**ले ख्वप अस्पतालको अक्सिजन प्लान्ट तत्काल मर्मत गरी उत्पादन शुरु गर्नुपर्ने, बंशगोपालको पुरानो वडा कार्यालयमा जनस्वास्थ्य केन्द्र सञ्चालन गर्नुपर्ने, बाराही पुल वारि ढुङ्गा छपाई गर्नुपर्ने, रात्रिकालीन पर्यटन प्रवर्द्धन गर्नुपर्ने विचार व्यक्त गर्नु भयो ।

११. छलफलमा भाग लिनु हुंदै **सभासद श्री नारायणप्रसाद त्वानाबासु**ले आदर्श चोकको चौबाटो कायम गर्न पहल गर्नुपर्ने, शिक्षक जिल्लान्तर सरुवाको व्यवस्थाबारे सचेततापूर्वक कार्यान्वयनको लागि पहल गर्नुपर्ने, पराम्परागत निकास र पानीको मुहान संरक्षण गर्नुपर्ने, अपाङ्गता भएका व्यक्तिले ह्वील चियरसहित यात्रा गर्न मिल्ने सवारी साधनको व्यवस्था गर्नुपर्ने, नक्सा पास प्रक्रिया सहज बनाउनु पर्ने र नगर प्रहरीको कार्य प्रभावकारी बनाउनु पर्ने विचार गर्नु भयो ।

१२. छलफलमा भाग लिनु हुंदै **सभासद श्री कृष्ण सुन्दर प्रजापति**ले वडा वडामा विवाद समाधान समिति गठन गर्नुपर्ने, तालाक्व डम्फोबारे अध्ययन गरी निर्माण गर्न बजेट व्यवस्था गर्नुपर्ने, माटोको भाँडा बनाउन

आवश्यक माटो लिने व्यवस्था मिलाउनु पर्ने, राम मन्दिर र बाराहीको बाटोमा पनि एकतर्फी बाटोको व्यवस्था गर्नुपर्ने र घर निर्माण सम्पन्न प्रमाण पत्र लिइसकेपछि अनियमित गर्नेहरुलाई कार्वाही गर्नुपर्ने सुझाव दिनु भयो ।

१३. छलफलमा भाग लिनु हुंदै **सभासद श्री हेरा ख्याजु**ले भ.न.पा. ७ हनुमानघाटस्थित पांचाख्यो व्यवस्थित गर्नुपर्ने, नगरका सबै पिठहरुमा खेल मैदान, व्यायाम शाला र बाल उद्यान व्यवस्था गर्नुपर्ने, कौशी खेती र कम्पोष्ट मल बनाउने तालिम सञ्चालन गर्नुपर्ने, व्यासीदेखि कमलविनायसम्मको बाटोमा सडक पेटी निर्माण गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

१४. सभा अध्यक्ष प्रजापतिले विशेष समयको छलफलमा भाग लिनु हुंदै सभासदहरुले उठाउनु भएका विभिन्न विषयमा प्रष्ट पार्न ५ नं. वडाका **वडाअध्यक्ष श्री योगेन्द्रमान बिजुक्छें**लाई समय प्रदान गर्नुभयो र वडा अध्यक्ष विजुक्छेंले आदर्श चोक कायम गर्ने सम्बन्धी विषयमा हालसम्म भइरहेको प्रयासहरुबारे प्रष्ट पार्नु भयो ।

१५. सभा अध्यक्षबाट समय प्राप्त गरी २ नं. वडाका **वडाअध्यक्ष श्री हरिप्रसाद बासुकला**ले सभासदहरुले राख्नु भएको देको, मिवा, इतापाके जग्गा एकीकरण आयोजनामा भइरहेको प्रगति र गुनासोहरु सम्बोधनको बारे हालसम्मको स्थितिबारे प्रष्ट पार्नुभयो ।

१६. सभा अध्यक्षबाट समय प्राप्त गरी निर्माण समितिका **संयोजक श्री उकेश कवां**ले सभासदहरुले उठाउनु भएका पांचा ख्यो, सुधारिएका शवदाह गृह, सी.सी.क्यामराको व्यस्था, सडक बत्ती, रेन इन लेट, हनुमन्ते खोला व्यवस्थापन, लिवाली क्षेत्रको ढल व्यवस्थापन, भूमिगत तार योजना, विभिन्न निर्माण कार्य र जलाधार क्षेत्र, नक्सा पास लगायतका विषयमा सभासदहरुले उठाएका जिज्ञासाहरुबारे प्रष्ट पार्नुभयो ।

१७. सभा अध्यक्ष प्रजापतिबाट समय प्राप्त गरी वडा नं. ६ का **वडाअध्यक्ष श्री हरिराम सुवाल**ले सभासदहरुले उठाउनु भएका आदर निकेतन सञ्चालन बारेमा प्रष्ट पार्नु भयो ।

१८. सभा अध्यक्ष प्रजापतिबाट समय प्राप्त गरी वातावरण तथा पर्यटन समितिका संयोजक एवम् शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिकका **सदस्य श्री रविन्द ज्याख्व**ले सभासदहरुले उठाउनु भएको पर्यटन प्रवर्द्धन, पर्यटन पूर्वाधार निर्माण र विस्तार, जलाधार क्षेत्र घोषणा, ख्वप विश्वविद्यालय, निरन्तर शिक्षा, घर दैलो नर्सिङ्ग सेवा, जेट मेशिन सञ्चालन, फोहर व्यवस्थापन, अक्सिजन प्लान्ट मर्मत, स्वास्थ्य केन्द्र सञ्चालन, जिल्लान्तर शिक्षक सरुवा र पुस्तकालय सञ्चालन लगायत विषयमा सभासदहरुको जिज्ञासाबारे प्रष्ट पार्नुभयो ।

१९. सभा अध्यक्ष प्रजापतिले सभाको बैठक ३० मिनेटको लागि स्थगित भएको जानकारी गराउनु भयो ।

२०. सभा अध्यक्ष प्रजापतिले सभा पुनः शुरु गर्नुहुंदै भक्तपुर नगरपालिकाको आ.व. २०८१/०८२ को बजेट तथा कार्यक्रममाथिको छलफल आरम्भ भएको जानकारी गराउनु हुंदै छलफलमा भाग लिन चाहनु हुने सभासदहरुलाई नाम टिपाउन हुन र नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।

२१. बजेटमाथिको छलफलमा भाग लिनु हुंदै **सभासद श्री रिता फसिकवा**ले तरकारी बजारको लागि बजेट थप गर्नुपर्ने र भौतिक पूर्वाधारको लागि छुट्याइएको बजेट बहुउद्देश्यीय भवन निर्माणको लागि विनियोजन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

२२. बजेटमाथिको छलफलमा भाग लिनु हुंदै **सभासद श्री इन्द्रबहादुर प्याथ**ले आ.व. २०८०/०८१ मा चालू खर्च र पूँजीगत खर्च कम हुनुको कारण प्रष्ट पार्नुपर्ने, स्वच्छ खानेपानी व्यवस्थापनको लागि भ.न.पा. र चा.न.पा.बीच समन्वय गरी कार्य दल गठन गर्नुपर्ने, आन्तरिक आय बढाउन व्यवसाय दर्ता गराउने घुम्ती कर टोली गठन गर्ने जस्ता गतिविधि गर्नुपर्ने, प्रदेश टिकट नलिई भक्तपुर प्रवेश गर्ने काउन्टर नभएको

गल्ली बाटोहरुमा छड्के जांचको व्यवस्था मिलाउनु पर्ने, दत्तात्रयको सूचना केन्द्र पुनः सञ्चालनमा ल्याउनु पर्ने विचार व्यक्त गर्नुभयो ।

२३. छलफलमा भाग लिनु हुंदै **सभासद श्री राम सुन्दर बासी**ले वडा बजेट वृद्धि गर्नुपर्ने, विद्यालयका शिक्षकहरुलाई नियमित तलव खुवाउन कोष व्यवस्था गर्नुपर्ने, लिवाली क्षेत्रको विकास निर्माणको लागि थप बजेट विनियोजन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

२४.छलफलमा भाग लिनु हुंदै **सभासद श्री हरिरत्न गोर्खाली**ले पौडी प्रशिक्षण पोखरी तोक्नुपर्ने, युवा, विद्यार्थीहरुलाई लागू पदार्थ दुर्व्यसनीबाट मुक्त बनाउन आवश्यक कार्यक्रम र बजेट व्यवस्था गर्नुपर्ने,

महेश्वरी खेल मैदान र शहीद स्मृति खेल मैदान व्यवस्थापन र पूर्वाधारको लागि थप बजेट विनियोजन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

२५. छलफलमा भाग लिनु हुंदै **सभासद श्री हेरा ख्याजु**ले छलफलमा भाग लिनुहुंदै कृषि फर्मको कर पुनरावलोकन गर्नुपर्ने, सुन चांदी तथा गरगहना बनाउने पसलको कर बढाउनु पर्ने, सडक मापदण्डमा जोडेको जग्गाको घर जग्गा कर लिन नहुने विचार व्यक्त गर्नु भयो ।

२६. छलफलमा भाग लिनु हुंदै **सभासद श्री राजकुमार सिल्पकार**ले भ.न.पा. वडा नं. ३ लायकुस्थित पुरानो नक्सा शाखा भवन पुन: निर्माणको लागि बजेट थप गर्नुपर्ने, तेखापुखुलाई पौडी प्रशिक्षण पोखरीको रुपमा विकास गर्नुपर्ने विचार व्यक्त गर्नु भयो ।

२७. छलफलमा भाग लिनु हुंदै **सभासद श्री श्यामसुन्दर मातां**ले देको, मिवा, इतापाके जग्गा एकीकरण आयोजनाको लागि थप बजेट विनियोजन गर्नुपर्ने, शहीद स्मृति खेल मैदान निर्माणको लागि पर्याप्त बजेट विनियोजन गर्नुपर्ने विचार व्यक्त गर्नु भयो ।

२८. छलफलमा भाग लिनु हुंदै **सभासद श्री सूर्य प्रसाद श्रेष्ठ**ले भ.न.पा. १ स्थित इशानेश्वर महादेवको छाना छाउन बजेट विनियोजन गर्नुपर्ने, नयाँ व्यवसाय दर्ता अभियान श्रावणदेखि मात्र शुरु गर्नुपर्ने, घर जग्गा मूल्यांकन कर पुनरावलोकन गर्नुपर्ने, तरकारी पसल,ड्राइभिङ्ग सेन्टर र कवाडी पसलको कर वृद्धि गर्नुपर्ने

र उपभोक्ता समिति मार्फत हुने योजनाहरुको समयमै भुक्तानी व्यवस्था मिलाउनु पर्ने विचार व्यक्त गर्नु भयो ।

२९. छलफलमा भाग लिनु हुँदै **सभासद श्री गोविन्द दुवाल**ले खानेपानी व्यवस्थापनको जिम्मा नेपाल सरकारको र काठमाण्डौ उपत्यका खानेपानी लि.को हुने भएकोले सरकार र सम्बन्धित कार्यालयलाई जिम्मेवार बनाउन पहल गर्नुपर्ने, भक्तपुर नगर क्षेत्रभित्र व्यवस्थित र समानुपातिक खानेपानी वितरणको लागि थप बजेट विनियोजन गर्नुपर्ने विचार व्यक्त गर्नु भयो ।

३०. सभा अध्यक्ष प्रजापतिले सभाको अर्को बैठक मिति २०८१।३।१४ गते, शुक्रबार दिनको १:०० बजे बस्ने जानकारी गराउनु भयो ।

## २०८१ असार १४ गते, शुक्रबार

१. सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिले सोह्रौं नगर सभाको पाँचौ दिनको बैठक शुरु गर्नु हुँदै आ.व. २०८०/०८१ को वडा वडाका प्रतिवेदन पेश गर्न समय प्रदान गर्नुभयो र देहाय बमोजिमका वडाअध्यक्ष, कार्यपालिका सदस्य र वडा सदस्यहरुले आ–आफ्नो वडाका प्रतिवेदन पेश गर्नुभयो ।

२. वडा नं. १ का वडाअध्यक्ष श्री श्यामकृष्ण खत्रीले १ नं. वडाको आ.व. २०८०/०८१ को प्रतिवेदन सभा समक्ष पेश गर्नु भयो ।

३. वडा नं. ३ को कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) ले ३ नं. वडाको आ.व. २०८०/०८१ को प्रतिवेदन सभा समक्ष पेश गर्नु भयो ।

४. वडा नं. ४ का वडाअध्यक्ष श्री उपेन्द्र सुवालले ४ नं. वडाको आ.व. २०८०/०८१ को प्रतिवेदन सभा समक्ष पेश गर्नु भयो ।

५. वडा नं. ५ का वडाअध्यक्ष श्री योगेन्द्रमान बिजुक्छेले ५ नं. वडाको आ.व. २०८०/०८१ को प्रतिवेदन सभा समक्ष पेश गर्नु भयो ।

६. वडा नं. ६ का वडाअध्यक्ष श्री हरिराम सुवालले ६ नं. वडाको आ.व. २०८०/०८१ को प्रतिवेदन सभा समक्ष पेश गर्नु भयो ।

७. वडा नं. ७ का वडासदस्य श्री हेरा ख्याजुले ७ नं. वडाको आ.व. २०८०/०८१ को प्रतिवेदन सभा समक्ष पेश गर्नु भयो ।

८. वडा नं. ८ का वडाअध्यक्ष श्री कृष्ण प्रसाद कोजुले ८ नं. वडाको आ.व. २०८०/०८१ को प्रतिवेदन सभा समक्ष पेश गर्नु भयो ।

९. वडा नं. ९ का वडासदस्य श्री इन्द्र बहादुर प्याथले ९ नं. वडाको आ.व. २०८०/०८१ को प्रतिवेदन सभा समक्ष पेश गर्नु भयो ।

१०. वडा नं. १० का वडाअध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौंमिखाले १० नं. वडाको आ.व. २०८०/०८१ को प्रतिवेदन सभा समक्ष पेश गर्नु भयो ।

११. सभा अध्यक्ष श्री प्रजपातिले बैठक आधा घण्टाको लागि स्थगित भएको घोषणा गर्नुभयो ।

१२. सभा अध्यक्ष श्री प्रजापतिले सभाको बैठक पुनः आरम्भ गर्नु हुंदै भक्तपुर नगरपालिकाको आ.व.२०८१/०८२ को बजेटमाथिको छलफलमा भाग लिन चाहनु हुने सभासदहरुले नाम टिपाउन र नाम टिप्न कर्मचरीहरुलाई निर्देशन दिनु भयो ।

१३. बजेट माथिको छलफलमा भाग लिनु हुंदै **सभासद श्री सुमित्रा बोहजु**ले हनुमन्ते खोला सुधार र रिटेनिङ्ग वाल निर्माणको लागि थप बजेट विनियोजन गर्नुपर्ने, माहेश्वरी घाटको बांकी काम सम्पन्न गर्न बजेट छुट्याउनु पर्ने विचार व्यक्त गर्नुभयो ।

१४.बजेट माथिको छलफलमा भाग लिनु हुँदै **सभासद श्री कल्पना सिल्पकार**ले भ.न.पा.१ स्थित इसानेश्वर मन्दिरको निर्माण कार्य सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गर्नुपर्ने, चोङ्गा गणेश सत्तलको लागि बजेट छुट्याउनु पर्ने, कवाडी ब्यवसायलाई व्यवस्थित गर्नुपर्ने विचार व्यक्त गर्नु भयो ।

१५. छलफलमा भाग लिनु हुंदै **सभासद श्री नारायण प्रसाद त्वानाबासु**ले नगरपालिकाको आन्तरिक आय वृद्धि गर्न पर्यटन व्यवसाय र रात्रीकालीन व्यवसाय प्रवर्द्धनको लागि ध्यान दिनु पर्ने, घर बहाल कर प्रभावकारी ढंगले संकलन गर्नुपर्ने, सहकारी सामुदायिक विकास कोषको राजस्व संकलनबारे पुनः विचार गर्नुपर्ने, ५ नं. वडा कार्यालय निर्माणको लागि बजेट छुट्याउनु पर्ने र नगर क्षेत्रका अव्यवस्थित पार्किङ्गलाई व्यवस्थित गर्नुपर्ने विचार व्यक्त गर्नु भयो ।

१६.छलफलमा भाग लिनु हुंदै **सभासद श्री कृष्ण नारायण दुमरु**ले खानेपानीको लागि बजेट थप गर्नुपर्ने, कमलविनायक बहुउद्देश्यीय भवन निर्माणको लागि बजेट छुट्याउनु पर्ने, भक्तपुर १० नं वडा क्षेत्रमा फोहर संकलन दैनिक गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

१७. छलफलमा भाग लिनु हुंदै **सभासद श्री न्हुछेराम कोजु**ले भनपा २ इताछेंदेखि खौमासम्मको बाटोमा ढुंगा छाप्न बजेट व्यवस्था गर्नुपर्ने, ब्यासी जालाचामा खानेपानी वितरण व्यवस्था मिलाउनु पर्ने विचार व्यक्त गर्नु भयो ।

१८. सभा अध्यक्ष प्रजापतिले बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक एवम् उपप्रमुख श्री रजनी जोशीलाई आ.व.२०८१/०८२ को बजेट तथा कार्यक्रममाथिको छलफलमा भाग लिनु हुंदै सभासदहरुले उठाउनु भएका जिज्ञासाहरुको विषयमा प्रष्ट पार्न समय प्रदान गर्नुभयो ।

१९. सभा अध्यक्ष प्रजापतिबाट समय प्राप्त गर्नु भई बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक एवम् उपप्रमुख श्री जोशीले आ.व.२०८१/०८२ बजेट तथा कार्यक्रममाथिको छलफलमा भाग लिनु हुदै १४ जना सभासदहरुले राख्नु भएको जिज्ञासाहरुबारे प्रष्ट पार्नुभयो ।

२०. सभा अध्यक्ष प्रजापतिले भक्तपुर नगरपालिकाको विनियोजन विधेयक, २०८१, आर्थिक विधेयक, २०८१ र आ.व. २०८१/०८२ को बजेट तथा कार्यक्रम पारित गर्न सभा समक्ष प्रस्ताव पेश गर्नुभयो र उक्त भक्तपुर नगरपालिकाको विनियोजन विधेयक–२०८१, आर्थिक विधेयक–२०८१ र आ.व. २०८१/०८२ को बजेट तथा कार्यक्रम सर्वसम्मतिबाट पारित भएको घोषणा गर्नुभयो ।

२१. सभा अध्यक्ष प्रजापतिले सभाको अर्को बैठक सूचना जारी गरी जानकारी गराउने बताउनु भयो ।

**भक्तपुर नगरपालिकाको सोह्रौं नगर सभा (छैटौं दिन)**
**२०८१ असार ३१ गते, सोमबार**

१. सभा अध्यक्ष प्रजापतिले सोह्रौं नगर सभाको छैटौं दिनको बैठक शुरु गर्नु हुंदै विषयगत समितिहरुको प्रतिवेदन सभामा पेश गर्न समय प्रदान गर्नुभयो ।

२. समय प्राप्त गरी युवा तथा खेलकुद समितिका संयोजक श्री श्यामकृष्ण खत्री

वातावरण तथा पर्यटन समितिका संयोजक श्री रविन्द्र ज्याख्व

शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिका सदस्य श्री रविन्द्र ज्याख्व

शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिका सदस्य श्री योगेन्द्रमान बिजुक्छें

आर्थिक तथा लेखा समितिका संयोजक श्री हरिप्रसाद बासुकला

निर्माण समितिका संयोजक श्री उकेश कवां

सहकारी अनुगमन समितिका सदस्य श्री हरिरत्न गोर्खाली

महिला, बालबालिका तथा समाज कल्याण समितिका संयोजक श्री रोशनमैया सुवाल

बजार अनुगमन समितिका संयोजक श्री राजकृष्ण गोरा

कृषि समितिका सदस्य श्री लक्ष्मी प्रसाद ह्यौंमिखा

न्यायिक समितिका सदस्य श्री हरिराम सुवाल तथा

योजना तथा कार्यक्रम अनुगमन तथा सुपरिवेक्षण समितिका संयोजक एवम् उपप्रमुख श्री रजनी जोशीले आ–आफ्नो विषयगत समितिहरुको प्रतिवेदन सभामा पेश गर्नु भयो ।

३. सभा अध्यक्ष प्रजापतिले सभाको बैठक ३० मिनेटको लागि स्थगित भएको जानकारी गराउनु भयो ।

४. सभा अध्यक्ष प्रजापतिले सभा पुनः शुरु गर्नुहुंदै लेखा समितिका संयोजक श्री हरिप्रसाद बासुकलालाई भक्तपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय र अन्तर्गत सञ्चालित निकायहरुको लेखा समितिको प्रतिवेदन, २०८१ सभामा प्रस्तुत गर्न समय प्रदान गर्नुभयो र संयोजक बासुकलाले उक्त प्रतिवेदन सभामा प्रस्तुत गर्नु भयो ।

५. सभा अध्यक्ष प्रजापतिले भक्तपुर नगरपालिका कार्यालय, नगरकार्यपालिकाको कार्यालय र अन्तर्गत सञ्चालित निकायहरुको लेखा समितिको प्रतिवेदन, २०८१ माथिको छलफल आरम्भ गर्नु हुंदै छलफलमा भाग लिन चाहनु हुने सभासदहरुको नाम टिपाउन र नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।

६. सभा अध्यक्ष प्रजापतिले लेखा समितिका संयोजक श्री हरि प्रसाद बासुकलाले पेश गर्नुभएको लेखा समितिको प्रतिवेदन, २०८१ माथिको छलफलमा कुनै पनि सभासदहरुले भाग लिनु नभएकोले उक्त प्रतिवेदन पारित गर्न सभामा पेश गर्नुभयो र सर्वसम्मतिबाट उक्त प्रतिवेदन पारित भएको घोषणा गर्नुभयो ।

७. सभा अध्यक्ष प्रजापतिले भ.न.पा. ७ का वडा अध्यक्ष श्री उकेश कवांलाई भक्तपुर नगरपालिकाका कर्मचारीहरुको तलवी प्रतिवेदन, भक्तपुर नगरपालिकाको वार्षिक खरिद योजनालगायत विविध प्रस्तावहरु सभा समक्ष पेश गर्न समय प्रदान गर्नुभयो र वडा अध्यक्ष श्री कवांले देहाय बमोजिमको विविध प्रस्ताव सभा समक्ष पेश गर्नुभयो ।

८. सभा अध्यक्ष प्रजापतिले उपर्युक्त कर्मचारीहरुको तलवी प्रतिवेदन, वार्षिक खरिद योजनालगायत विविध प्रस्तावहरु पारित गर्न सभामा पेश गर्नुभयो र सभाले देहाय बमोजिमका प्रस्तावहरु सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो :

१. आ.व. २०८०/०८१ श्रावण १ गतेदेखि २०८१ असार २५ गतेसम्मको नगर कार्यपालिकाको बैठक, विभिन्न समितिहरु, उपसमितिहरु, नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतबाट भए गरेका सम्पूर्ण निर्णय, आदेश र काम कार्वाही नगर सभाबाट पारित गरियो ।

२. यस न.पा.को लागि प्राविधिक सल्लाहकार, कानूनी सल्लाहकार र अन्य आवश्यक सेवा र प्राविधिक सेवा, इन्जिनियरिङ्ग सेवा, पशु सेवा, कृषि सेवा, सहकारी सेवा, कार्यालय सहयोगी, माली, सवारी चालक, सरसफाई मजदुर, नकर्मी, इलेक्ट्रिसियन, डकर्मी, सिकर्मी, पेन्टर आदि प्राविधिक पदहरु आवश्यकता अनुसार सेवा करारबाट लिने प्रस्ताव पारित गरियो ।

३. यस नगरपालिकामा कार्यरत अस्थायी, सेवा करार, मासिक ज्यालादारी र दैनिक ज्यालादारीका जनशक्तिहरुलाई आवश्यकता अनुसार आ.व. २०८०/०८१ का लागि म्याद थप गर्ने र सेवा सम्झौतामा आवश्यक संशोधन गरी नविकरण गर्ने कार्यपालिकाको निर्णय पारित गरियो ।

४. यस न.पा. मा कार्यरत नगर सरसफाईको ठेक्काहरुको आवश्यकता अनुसार ठेक्का सम्झौता संशोधन गरी २०८१ आषाढ मसान्तसम्म ठेक्का अवधि थप गर्ने प्रस्ताव पारित गरियो ।

५. यस नगरपालिकाको नियमित नगर सभा बसेको समय बाहेकको समयमा नगर सभाबाट गर्ने सम्पूर्ण काम कार्वाही गर्नको लागि नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने प्रस्ताव पारित गरियो ।

६. यस नगरपालिकाको संगठन स्वरुप र साविक दरबन्दीलाई आवश्यकता अनुसार संगठन तथा व्यवस्थापन (O & M) गरी संगठन परिमार्जन र दरबन्दी मिलान गर्न भ.न.पा. कार्यपालिकालाई अधिकार दिने प्रस्ताव पारित गरियो ।

७. यस न.पा.को आ.व.२०८१/०८२ को लागि सम्पूर्ण कर्मचारीहरुको पेश भए बमोजिमको भ.न.पा. कार्यपालिकाबाट निम्न अनुसारको तलवी प्रतिवेदन पारित गरियो ।

८ यस नगरपालिकाको आ.व २०८०।०८१ मा स्वीकृत तथा सम्पन्न विकास निर्माण र सम्पदासंग सम्बन्धित योजना आयोजनाहरुको जाँचपास तथा फरफारक गर्ने प्रस्ताव पारित गरियो ।

९. आ.व. २०८०/०८१ को लागि यस न.पा. लाई आवश्यक सरसामानको वार्षिक खरिद योजना सम्बन्धमा खरिद इकाई समितिबाट रु. १२,०५,००,०००।- (अक्षेरुपी रु. बाह्र करोड पाँच लाख) को वार्षिक खरिद योजना पारित गरियो ।

१०. भक्तपुर नगरपालिकाको आ.व. २०८१/०८२ को लागि आवश्यक निर्माणको खरिद योजना सम्बन्धमा निर्माण समितिबाट पेश भएको रु. १५,३०,००,०००।- (अक्षेरुपी रु. पन्ध्र करोड तीस लाख) को निर्माण खरिद योजना पारित गरियो ।

९. सभा अध्यक्ष प्रजापतिले भक्तपुर नगरपालिकाको सोह्रौ नगर सभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने उद्घाटन समारोहका प्रमुख अतिथि, विशेष अतिथि लगायत सम्पूर्ण अतिथिहरु, सम्पूर्ण सभासदहरु, प्रमुख प्रशासकीय अधिकृतलगायत सम्पूर्ण कर्मचारीहरु तथा संचारकर्मीहरुलाई धन्यवाद ज्ञापन गर्दै सोह्रौं नगरसभा सम्पन्न भएको जानकारी गराउनु भयो ।